## मण्डनदेउपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान ,काभ्रे ।

**बोयर बोका खरिदको लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना ।**

**(प्रथम पटक प्रकाशित मितिः २०७८।०२।२६)**

यस कार्यालयको चालु आ.व.०७७/०७८ को बार्षिक कार्यक्रम अनुसार बोयर बोका खरिद गरी किसानहरुलाई बितरण गर्न सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले बोका उपलब्ध गराउन इच्छुक व्यक्ति, कृषिफर्म तथा सप्लायर्सहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउपत्र खरिद गर्न आव्हान गरिएको छ ।

| **बोलपत्र नं** | **विवरण** | **जमानत रकम** | **संख्या** | **लागत अनुमान (सम्पूर्ण कर सहित)** | **दरभाउपत्र पेश गर्ने अन्तिम मिति** | **दरभाउपत्र मान्य अवधि** |
|---|---|---|---|---|---|---|
| ५/ **Goods / SQ / MDM**/२०७७/०७८ | बोयर बोका खरिद | रु २५,०००।० | १२ | रु ८,७३,६००।० | २०७८।३।१० गते, दिनको १२:०० बजेसम्म | ४५ दिन |

**१. प्राबिधिक स्पेसिफिकेशन**

बोयर जातको कम्तीमा ७५% क्रस गुण भएको, उमेर कम्तीमा ६ महिना पुरा भएको, कुनै किसिमको शारिरीक विकृति नभएको, उचाई कम्तीमा ४५ से.मि. र पातादेखि पुच्छरको फेदसम्म लम्बाई कम्तिमा ५५ से.मि.भएको , तौल २४ के.जी. देखि ३० के.जी. सम्म भएको, दुवै अण्डकोष बराबरी भई प्रष्ट देखिने ,आवश्यक खोप लगाइएको र स्वास्थ्य परिक्षण गर्दा मापदण्ड पुगेको हुनुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र खरिदको लागि दिइने निवेदन साथ दरभाउपत्र फाराम दस्तुर वापत रु.१०००।- (अक्षेरुपी एक हजार मात्र)पछि फिर्ता नहुने गरि यस कार्यालयको **ग्लोबल आई.एम ई बैंक,महादेवस्थान कुन्ता शाखा**को **आन्तरिक राजस्व खाता नं.N४०४०१००००१०** मा जम्मा गरेको सक्कलै भौचर, चालु आ.व.सम्मको लागि बहाल रहने गरी नविकरण गरिएको फर्म दर्ता प्रमाण-पत्र, आयकर दर्ता तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाण-पत्र, आ.ब.०७६/०७७ को कर चुक्ता प्रमाण-पत्र राखिएको हुनु पर्नेछ ।

३ रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम मितिको दिनको २.०० बजे यस कार्यालयमा खोलिने छ ।

४. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए बमोजिमको जमानत वापतको रकम यस कार्यालयको ग्लोबल आई.एम ई बैंक,महादेवस्थान कुन्ता शाखाको **धरौटी खाता नं.N४०४०१००००००८** मा नगद जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तीमा ७५ दिनको मान्य अवधि रहने गरी वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत(बैंक ग्यारेन्टी) सिलवन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ ।

६. **दरभाउपत्र पेश गर्दा प्रति के.जी. को दर रेट** (मु.अ.कर लाग्नेको हकमा मूल्य अभिवृद्धि कर सहित) **उल्लेख गर्नु पर्नेछ ।**

७. बोलकबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई कायम गरिनेछ ।

८. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

९. बिस्तृत प्राबिधिक स्पेसिफिकेशन र बोलपत्रको दररेट फाराम यस कार्यालयको वेबसाइटमा राखिएको छ ।अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा कार्यालयको पशुसेवा शाखामा सम्पर्क राख्न सकिनेछ । **(सम्पर्क नं: ९८५१२५५२५३ )**

**प्रमुख प्रशासकीय अधिकृत**